pathao

औसत २०% रहेको तथा राइडशेयरिङ्ग व्यावसायको विश्वव्यापी अगुवा मानिने UBER ले २५% सम्म लिईरहेको सन्दर्भमा यस कम्पनीको PATHAO एपको नियमित र निरन्तर संचालन गर्न हाल लिईआएको सेवा शुल्क अनिवार्य हुने हुनाले सेवालाई नियमित गर्नका लागि पनि सेवाशुल्कलाई यथावत राख्नुपर्ने बाध्यता रहेको अनुरोध गर्दछौं ।

साथै, हाम्रो PATHAO एप निरन्तर रुपमा नै लाईभ हुनुपर्ने र प्राविधिक रुपमा सो संचालन गर्न इन्टरनेट तथा ठूलो रुपमा अन्य प्राविधिक तथा निक्कै ठूलो प्रशासनिक खर्चको व्यवस्थापन गर्नुपर्ने भएकोले तत्कालै कुनैपनि रुपमा सेवा शुल्क घटाउन सकिने अवस्था देखिदैन ।

४) जहाँसम्म राईडरहरुले पिकअप खर्च ग्राहकहरुसँगै लिनुपर्ने भनि सरोकार राख्नु भएको छ, त्यसमा के स्पष्ट हुनु जरुरी छ भने हामीहरुले हाल लिदैं आएको र वैज्ञानिक रुपमा हिसाब गरि निर्धारण गरिएको Base Fair रु.३०/- भित्रै अन्य खर्चहरु सहित Pick Cost पनि समावेश गरिएको हुँदा फेरी थप लिनु पाउनु पर्ने भन्ने अवस्था नै नरहेको जानकारी गराउँदछौं ।

५) राइडरहरुको पनि दोहोरो कुरा सुनुवाई हुनुपर्ने भन्ने सम्बन्धमा कार्यलयबाट प्रदान गरिएको Walk In Support (WIS) सेवा हाल संचालन हुन लागेको र सकेसम्म चाँडो गर्ने गरि पूर्वाधारहरु निर्माण हुँदै गरेको चरणमा रहेको र थप केही समय भित्रै संचालन भए पश्चात हालको जस्तो अवस्था नरही दोहोरो रुपमा कुरा सुन्न सकिने भएकोले यसमा कम्पनीको गम्भीर ध्यानाकर्षण भएको जानकारी गराउँदै हालको Electronic Walk in Support (EWIS) सेवाको प्रयोग गर्दै गुनासोलाई पूर्ण रुपमा सम्बोधन गर्ने कार्य सुचारु रहेको जानकारी गराउँदछौं र पुरानो WIS सेवा पुन: सुचारु हुने बितिकै सबै गुनासाहरुलाई सम्बोधन गर्नसकिने गरि प्रणालीको विकास गरिने कुरामा निश्चित गराउँदछौं ।

६) राईडर साथीहरुले राख्नु भएको कष्टमर केयर नम्वरहरु टोल फ्री हुनुपर्ने भन्ने सवाल प्रति यस पठाओ नेपालको कार्य गरि हाल TOll Free Number सूचारु भईसकेको हुँदा सो सरोकार पूर्ण रुपमा सम्बोधन भइसकेको तर्फ राईडर मित्रहरुको ध्यानाकर्षण सहित हार्दिक जानकारी गराउँदछौं ।

७) पठाओ नेपालले राईडरहरुलाई आफ्नो कम्पनीका परिवार भित्रको सदस्य मानि व्यवहार गर्दै आएको छ र सबै कम्पनीका सदस्यहरुले एकअर्कालाई सम्मानजनक रुपमा नै व्यवहार गर्नुपर्ने भएको हुँदा हाम्रा सेवा प्रदायक राईडरहरुलाई कसैले पनि नराम्रो व्यवहार गरेमा कारवाही नै गरिने कुरामा विश्वस्त: गराउन चाहन्छौं ।

८) जहाँसम्म राईडरहरुलाई ट्याक्सी चालकहरुले अमानविय कार्य गरेको भन्ने कुराको सम्बन्धमा, हाम्रो गम्भीर ध्यानाकर्षण भएको जानकारी गराउँदछौं । यसरी गैरकानूनी रुपमा गरिएको व्यवहारको सम्बन्धमा प्रहरी प्रशासनसंग छलफल गरि समस्याको समाधानका साथै भविष्यमा फेरी त्यस्तो समस्या नदोहरियोस भनि निरन्तर छलफल तथा वार्ता भई राखेको जानकारी गराउँदै कम्पनीले आवश्यक पहल गरिरहेको जानकारी गराउँदछौं ।

९) यस पठाओ नेपालले आफ्नो PATHAO एप संचालन गर्दा आउनसक्ने विभिन्न अवस्थाहरुलाई विचार गरि पहिले नै सबै राइडरहरुलाई जानकारी गराएर नै सस्पेण्ड हुने अवस्थाहरु सुचिकृत गराएको छ र सेवा संचालन गर्दा कुनै कारणले मापदण्ड विपरित कार्य हुन गएमा वा गरिएमा सस्पेण्डमा राखिने व्यवस्था गरिएको छ । यसरी सस्पेण्डमा निश्चित अवधिका लागि राख्नु भन्दा तपाईंहरुको माग बमोजिम नै जरिवाना गरि सस्पेण्ड हटाएर तत्कालै काम गर्न पाए आर्थिक रुपमा त्यति धेरै भार नपर्ने समेत भएकोले तपाईंहरु कै माग अनुसार जरिवानाको प्रावधान सहित सुधिने मौका दिई तुरुन्तै सेवा सूचारु राखि रोजगारी सुनिश्चित रहोस् भन्ने चाहना सहित जरिवाना गर्ने व्यवस्था लागु गरिएको भएतापनि यहाँहरुको सरोकारलाई ध्यानमा राखि समयावधि सहितको

**Pathao Nepal Pvt. Ltd**
Address : Nava Srijana Marga-10, Mid Baneshwor, Kathmandu Nepal